का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० चैत २०८१,
आइतबार
23 March, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ४९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# राजाको चहलपहलले राप्रपामा कलह





पार्टी आफैले आन्दोलन गर्ने भनिसकेको अवस्थामा जिम्मेवार नेताहरू अर्को समितिमा बस्नु उचित होइन

**मोहन श्रेष्ठ**
प्रवक्ता, राप्रपा



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ चैत ।

पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्लो चहलपहलले राजसंस्थाको एजेण्डामा एक्लै उभिएको संसदको ५औँ दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)भित्र कलह प्रवेश गरेको छ । राप्रपाले दाबी गर्दै आएको राजसंस्था पुनर्स्थापना, हिन्दू राष्ट्र घोषणाको मूल एजेण्डामा फरक व्यक्तिहरू हावी भएर राप्रपाका नेताहरूलाई समेत सामेल गराएपछि पार्टीमा कलह झाँगिएको हो ।

गत २५ फागुनमा पोखराबाट काठमाडौं आएका पूर्वराजा शाहलाई हजारौं समर्थकहरू काठमाडौंमा जम्मा भएर उनलाई विमानस्थलदेखि नागार्जुन पुऱ्याइएको थियो । काठमाडौंमा पूर्वराजाको पक्षमा देखिएको उक्त भीडपछि हौसिएका राजावादीहरूले पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा 'संयुक्त जनआन्दोलन समिति' बनाएर आन्दोलनका कार्यक्रम घोषणा गरेपनि उनीहरूबीच आपसमा फाटो देखिएको छ ।


पूर्वपञ्च सुवेदीको नेतृत्वमा गपठत समितिमा राखिएका राप्रपा अध्यक्ष राजेन्द लिङ्देनले आफूलाई जानकारी नदिई राखिएकोमा असन्तुष्टि जनाएका छन् । समितिमा सहभागी नहुने प्रष्ट पार्दै उनले राप्रपाले पार्टी आफ्नै नेतृत्वमा बृहत आन्दोलन समिति बनाएका छन् । पार्टीका उपाध्यक्ष रविन्द्र मिश्र सुवेदी नेतृत्व समितिको सदस्य सचिव र महामन्त्री धवल शमशेर राणा सदस्य बनेपछि पार्टीमा आन्तरिक कलह बढ्दै गएको छ ।

पार्टीले आधिकारिक रूपमा आन्दोलनको घोषणा गरेपछि नेताहरू अन्य अभियन्ताको समितिमा बसेको प्रति नेताहरूबीच नै असन्तुष्टि बढेको राप्रपाका एक पदाधिकारीले बताए । समान विचार भएका संगठनमा पार्टीका नेताहरू बस्न नपाइने व्यवस्था पार्टीमा रहेको भन्दै उनले भने ' गत ५ चैतमा बसेको कार्यसम्पादन पृष्ठ २ मा




### मनिष सुमन भन्छन्–


- गणतन्त्र आएपछि ३ जना मात्रै प्रधानमन्त्री बनेका छन् ।
- जनतामा वितृष्णको कारण यो पनि हो ।
- राजा आउने कुनै सम्भावना छैन । यो व्यवस्थाको विकल्प छैन ।
- कांग्रेस, एमाले र माओवादी राज्य सञ्चालनमा फेल भए ।
- तिनका कार्यकर्ताहरूले यो बुझ्नु पर्छ ।



विस्तृत अन्तर्वार्ता पृष्ठ ४ मा..

# ओझेलमा संविधान संशोधन

गणतन्त्र पक्षधरहरु संशोधनको नाममा विभाजित हुँदा विरोधी पक्षले खेल्न सक्ने र जनमत संग्रहको माग राखेर मुलुकमा अस्थिरता निम्त्याउन सक्ने त्रासमा ठूला दलहरु छन् । यसकारण संशोधनको एजेण्डा नै ओझेलमा पर्न गएको हो ।



> संविधान जड वस्तु होइन, संशोधन गर्नै पर्ने भए गर्नु पर्छ, संविधान संसोधन देशको हितमा छ भने हुन्छ
>
> **कृष्ण सिटौला**
> नेता, नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ चैत ।

९ महिना अगाडि सरकार बनाउँदा नेपाली कांग्रेस र नेकपा (एमाले)ले संविधान संशोधन गर्ने विषयलाई प्रमुख आधार बनाएका थिए । तर, व्यवहारमा हालसम्म दुवै पार्टीले संविधान संशोधनका एजेण्डा तय गर्न सकेका छैनन् ।

बरु पछिल्लो समयमा बढेको राजतन्त्र पक्षधरहरूको सक्रियताले संविधान संशोधनको एजेण्डा नै ओझेलमा परेको छ । नेकपा (एमाले)का सांसद रघुजी पन्तका अनुसार कांग्रेस र एमालेले चाहँदैमा संविधान संशोधन हुन सक्ने अवस्था छैन । तथापि, कांग्रेस र एमालेले संशोधनको प्रयास शुरु गरेका छन् ।

शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले संविधान संशोधनका स्पष्ट बुँदाहरू बाहिर ल्याएर आगाडि बढ्नुपर्ने बताए ।

'राष्ट्रिय सभाको कम्पोजिसनलाई लिएर पास हुने र कुनै नहुने खालको स्थिति देखिएको छ । यसकारण सर्वपक्षीय छलफल गरेर संविधान संशोधनको दिशातिर सर्वसहमतिले अगाडि बढ्ने हो' उनले भने ।

सत्तारुढ दलहरूलाई संविधान संशोधनको विषय अगाडि बढाउन आवश्यक छ भन्ने लागेको उनले दोहोऱ्याए । उनका अनुसार नेपाली कांग्रेस र एमालेलाई २ तिहाई पुग्छ भने संविधान संशोधन गरौं भन्ने छ । यद्यपि त्यसमा धेरै गृहकार्य भएर संविधान संशोधनका स्पष्ट बुँदाहरू पृष्ठ २ मा

## १० औं महाधिवेशनमा प्रेस चैतारी
# अध्यक्षको प्रतिस्पर्धामा पाण्डे र राई





**मुकुन्द लामिछाने/मध्यान्ह**
बिराटनगर, ९ चैत ।

प्रेस चौतारी नेपालको १० औं केन्द्रीय महाधिवेशन आइतबारबाट विराटनगरमा सुरु हुँदै छ । ३ दिनसम्म चल्ने महाधिवेशनको उद्घाटन एमाले महासचिव शंकर पोखरेलले गर्ने छन् ।

'समृद्धिका लागि सञ्चार प्रेस चौतारीको आधार' भन्ने मूल नाराका महाधिवेशन हुन लागेको हो । झण्डै ९ सय प्रतिनिधिले महाधिवेशनमा नयाँ नेतृत्व चयन गर्नेछन् । अधिवेशनका लागि संगठनका पदाधिकारी, केन्द्रीय सदस्य र पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष
# अभिमुखीकरण तालिममा क्लष्टरको समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ चैत ।

वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम स्वीकृति अघि अनिवार्य रूपमा दिँदै आएको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा कार्यविधि संशोधन पछि पनि समस्या देखिएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जानु अघिको तालिमलाई व्यवस्थित र प्रभावकारी बनाउन देशगत तालिमको व्यवस्था गर्दै तालिम कार्यविधि-२०७६ मा दोस्रो संशोधन गरेको छ ।

गत माघमा देशगत समूह (कलष्टर) छान्न सार्वजनिक सूचना जारी गर्दा १४३ वटा तालिम प्रदायक संस्थाले तोकिए अनुसारको पूर्वाधार निर्माण गरी देशगत कलष्टर रोजेका थिए । हाल उनीहरूले छुट्याइएको कलष्टर अनुसारको देशको पृष्ठ २ मा

## प्रगतिशील मञ्चको ईफ्तर साँझ

**काठमाडौं/मस**-प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले आपसी एकता र भाईचारा सम्बन्ध विस्तारका लागि ईफ्तर साँझ आयोजना गरेको छ ।

प्रतिनिधि सभाको उद्योग बाणिज्य, श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सभापति अब्दुल खानको प्रमुख आतिथ्यता र प्रतिनिधि सभा सदस्य तथा नेपाल मुस्लिम ईत्तेहाद पृष्ठ २ मा

PRO Wanted - 5 (Male/Female)
★ Minimum Experience Required: 2 years in the manpower field.
Salary & Other Benefits will be Negotiable
Pacific Overseas Consult Pvt. Ltd.
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४.
श्रम इजाजत नं. २९६/०५८/०५९
Mob: 9851004363, 9849661211.
Email: pacific.manpower7@gmail.com,Web : www.pacificoverseas.org



## राजाको...

समितिको बैठकले पार्टीको आधिकारिक समितिबाहेक अन्य अभियन्ताका समितिलाई आधिकारिकता मान्न नसकिने निर्णय गरेको छ । १२ गते बस्ने केन्द्रीय समिति बैठकले त्यस्ता समितिमा बस्नका लागि नेताहरूलाई आधिकारिक प्रतिनिधित्व गराउने कि नगराउने भन्ने निर्णय गर्छ ।'

तर पार्टीको मान्यता विपरीत महामन्त्री राणा सुवेदी नेतृत्वको समितिमा बसेर राजसंस्था पुनर्बहालीको वकालत गरिरहेका छन् । सुवेदी नेतृत्वको समितिमा पार्टीको महामन्त्री नै बसेपछि पार्टीको मूल आन्दोलनमा समेत असर पर्ने नेताहरूको बुझाई छ ।

१२ चैतमा पार्टीको आन्दोलन मूल समितिका संयोजक तथा अध्यक्ष लिङ्देनको नेतृत्वमा बैठक बस्ने र आन्दोलनका कार्यक्रम तय गर्ने राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले मध्यान्हलाई बताए । 'हामी आफ्ना एजेण्डालाई आम नागरिकसम्म पुऱ्याउन अध्यक्ष लिङ्देनको नेतृत्वमा रहेको समितिमार्फत् सशक्त आन्दोलनका कार्यक्रम तय गर्नेछौं', उनले भने 'पार्टी आफैले आन्दोलन गर्ने भनिसकेको अवस्थामा जिम्मेवार नेताहरू अर्को समितिमा बस्नु उचित होइन । उहाँहरूले विवेक पुऱ्याउनु पर्छ । उनले जिम्मेवार नेताहरू नै पार्टीको आधिकारिक समितिभन्दा फरक समितिमा बसेको विषयमा अध्यक्षले ध्यानाकर्षण गराइसकेको पनि बताए । गत मंगलबार पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले अध्यक्ष लिङ्देनकै नेतृत्वमा आन्दोलन अघि बढाउने निर्णय गरेको थियो । राप्रपाले समान विचार राख्ने समूह, दल तथा व्यक्तिहरूसँग संवाद र सहकार्य गर्ने नीति लिएको छ । 'हामी आफ्नो पूर्वनिर्धारित आन्दोलनलाई नै निरन्तरता दिनेछौं', लिङ्देनले भनेका थिए 'राजसंस्था पुनर्स्थापना र राजनीतिक सुधारका लागि पार्टी एकताबद्ध भएर अघि बढ्छ ।' यद्यपि फरक व्यक्तिहरूको समितिमा पार्टीका नेताहरूलाई नपठाउने राप्रपाले जनाएको छ ।

पार्टीले यस्तो निर्णय गर्दा समेत महामन्त्री राणा सुवेदी नेतृत्वकै समितिमा बसेर आन्दोलनलाई उचाईमा पुऱ्याउने बताएका छन् । 'यो समिति सर्वपक्षीय समिति भएकाले म यो समितिमा पनि बसेर काम गर्छु पार्टीमा पनि छँदैछु', महामन्त्री राणाले भने 'यसले पार्टीको आन्दोलनलाई कुनै असर गर्दैन, बरु थप सहयोग पुग्छ ।' राणाले भने, 'म पार्टीमा त छँदैछु, अर्कोतिर सुवेदी नेतृत्वको समिति तेस्रो जनआन्दोलनका लागि बनाइएको सर्वपक्षीय समिति हो । यसले केही बिग्रिएको छैन् । साथीहरूले बढी मिडियाबाजी गरेका मात्रै हुन ।' शान्तिपूर्ण आन्दोलन गर्ने र हिन्दु राज्यसहितको राजसंस्था पुनःथापाना आफ्नो मूल एजेण्डा भएकाले दुर्गा प्रसाईंले घोषणा गरेको १५ चैतको आन्दोलनमा सबैपक्षको सहभागिता हुने राणाले दाबी गरे । त्यही आन्दोलनको पूर्वतयारी स्वरुप शनिबार २ वटा घटक शाही युवा शक्ति र वीर गोर्खाली नेपालीले दरवारमार्गमा प्रदर्शन गरेको उनले जनाकारी दिए ।

सुवेदीको नेतृत्वको समितिमा राप्रपाका अध्यक्ष लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा, विश्व हिन्दु महासंघ अन्तर र्राष्ट्रियकी अध्यक्ष अस्मिता भण्डारी, राजावादीहरू केशरबहादुर विष्ट, दुर्गा प्रसाईं, पशुपतिशम्शेर जबरा, डा. प्रकाशचन्द्र लोहनी, रमा सिंह, रवीन्द्र मिश्र, हरिबहादुर बस्नेतलाई सदस्य राखिएको छ ।

तर, अध्यक्ष लिङ्देन, केशरबहादुर विष्ट, डा. जगमान गुरुङसहितका व्यक्तिहरूले समितिमा नरहेको स्पष्ट पारेका छन् । राप्रपाले ' नवीन समझदारी'लाई नै समस्याको समाधानका रूपमा अघि सारेको छ । कुनै पनि राजनीतिक दललाई निषेध नगरी साझा समझदारी निर्माण गर्न राप्रपाले आह्वान गरेको छ । आन्दोलन परिचालन मूल समितिको संयोजक लिङ्देनलाई बनाउँदा आन्दोलनलाई प्रभावकारी बनाउन सकिने नेताहरूको दाबी छ ।

राप्रपाका महामन्त्री राणाले भने राजावादी शक्तिहरू एक ठाउँमा आउनुपर्ने बताउँदै राजावादी, राष्ट्रवादी, संघीयता विरोधी, भ्रष्टाचार विरोधी, जनता सबै एक ठाउँमा उभिएर असफल गणतन्त्र र संघीयतालाई पाखा लगाउने काममा उत्रिएको बताउँ छन् । तर, पार्टी भित्र नेताहहरूको आन्तरिक असमझदारीले आन्दोलनमा सोचेअनुसारको सफलता नमिल्ने राजनीतिक विश्लेषकहरू बताउँछन् ।

## ओझेलमा...

बाहिर आइसकेका छैनन् ।

सरकारले नै समेत संविधान संशोधनका लागि कार्यदल बनाएर गहृकार्य अगाडि बढाएको छ । कांग्रेस, एमाले, माओवादी, नेकपा (एकीकृत समाजवादी), मधेश केन्द्रित दलहरूले छुट्टाछुट्टै रूपमा संविधान संशोधन कार्यदल वा समिति बनाएर अध्ययन गरिरहेका छन् । नेताहरूका अनुसार तर, राजतन्त्र पक्षधरहरूले पछिल्लो समय बढाएको सक्रियताले संविधान संशोधनको विषयलाई ओझेलमा पारेको छ । गणतन्त्र पक्षधरहरू संशोधनको नाममा विभाजित हुँदा गणतन्त्रविरोधी पक्षले खेल्न सक्ने र जनमत संग्रह आदिको माग राखेर मुलुकमा अस्थिरता जन्माउन सक्ने त्रासमा ठूला दलहरू छन् । यसकारण यो विषय नै ओझेलमा पर्न गएको हो । नेपाली कांग्रेसका नेता तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल संविधान संशोधनको एजेण्डा स्पष्ट गरेर अगाडि बढ्नुपर्ने बताउँछन् । संघ र प्रदेश सांसदको संख्या घटाउनुपर्ने उनको प्रस्ताव छ । नेपाली कांग्रेस बाँकेले शनिबार नेपालगञ्जमा गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा उनले संघीय संसदको सांसद संख्या २७५ बाट घटाएर २०१ र प्रदेश सांसदको संख्या ४० प्रतिशतले कटौती गर्नुपर्ने बताए ।

माओवादी केन्द्रसहितका विपक्षी दलहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्णसमानुपातिक निर्वाचन प्रणालीको विषय अगाडि सारेका छन् । तर, प्रत्यक्ष निर्वाचन प्रणालीबाट नेतृत्व चयन भए पनि त्यसले मुलुकमा ठूलो आर्थिक भार थप्न सक्ने पौडेलको तर्क छ । कांग्रेसका नेता कृष्णप्रसाद सिटौला राजतन्त्र पक्षधरको गतिविधिले संविधानलाई समयाअनुकुल बनाउने विषयमा दलहरू अलमलिन आवश्यक नरहेको बताउँछन् ।

कांग्रेसको पूर्वआप्रवासी समन्वय विभागले शनिवार पार्टी केन्द्रीय कार्यालय सानेपामा गरेको कार्यक्रमलाई सम्बोधन गर्दै सिटौलाले यस्तो बताएका हुन् ।

उनकाअनुसार परिवर्तन नै जान्छ कि जस्तो, गणतन्त्र नै जान्छ कि जस्तो माहोल बनाउने प्रयत्न गणतन्त्र आएकै दिन देखि भइराखेको छ । नेता सिटौलाले संविधान संशोधनको विषयमा दलहरूबिच सहमतिको आवश्यकता औंल्याए । उनी भन्छन्, 'संविधान जड वस्तु होइन, संशोधन गर्नै पर्ने भए गर्नु पर्छ, संविधान संसोधन देशको हितमा छ भने हुन्छ ।'

उनकाअनुसार कांग्रेस एक्लैको मतले पुग्दैन, एमालेसँगको सरकार छ, एमाले मात्र जोडिएर पनि पुग्दैन, अरुलाई साथ लिनै पर्छ, देशको हितमा भएका कुरामा कांग्रेसले अग्रसरता लिनै पर्छ, लिन्छ । यसकारणले पनि संविधान संशोधनको बाचाले अपेक्षित गति लिन नसकेको हो ।

## अध्यक्षको...

प्रतिनिधिहरू विराटनगर पुग्ने क्रम जारी छ । महाअधिवेशनले पत्रकारिता क्षेत्रका समस्या र आगामी योजनाका बारेमा महत्त्वपूर्ण निर्णय लिने प्रेस चौतारी नेपालका महासचिव हीरामान लामाले जानकारी दिए ।

संगठनको भावी अध्यक्ष पदका लागि २ जनाले उम्मेदवारी घोषणा गरिसकेका छन । वर्तमान उपाध्यक्षद्वय गणेश पाण्डे र राजेश राईले भावी नेतृत्वका लागि उम्मेदवारी घोषणा गरिसकेका छन् । अन्य पदका लागि पनि अनौपचारिक रूपमा उम्मेदवारी घोषणा भइरहेको छ । सदस्यहरूले उम्मेदवारी घोषणा गरेपनि सर्वसम्मत नेतृत्व चयनका लागि प्रयास हुने प्रेस चौतारीका नेताहरूले बताएका छन् ।

अध्यक्ष गणेश बस्नेतले महाधिवेशनमा पद खोज्ने तर पार्टी र संगठनको काममा नलाग्नेलाई नेता बनाउन नसकिने बताएका छन् । 'भरसक सहमतिको प्रयास हुन्छ, सहमति जुट्न सकेन भने स्वस्थ प्रतिस्पर्धा हुन्छ, तर चुनावमा बदमासी गर्नेहरू उम्मेदवार हुन पाउँदैनन्', बस्नेतले भनेका छन् ।

## अभिमुखीकरण...

मापदण्डअनुसार तालिम दिदै आएका छन् ।

जसअनुसार हाल गल्फ कोअर्डिनेशन काउन्सिल (जीसीसी) अन्तर्गतको खाडी मुलुकका लागि १०२ वटा, यूरोप समूहका लागि २४ वटा, जापान-कोरिया समूहका लागि ९ वटा, मलेसियाका लागि ६ वटा, जीसीसी बाहेकका लागि २ वटा र इजरायलका लागि सरकारी तालिम केन्द्र छुट्याएको छ ।

तर, उक्त कलष्टर कार्यान्वयन गर्ने सन्दर्भमा कलष्टर असन्तुलित भएको कारणले वैदेशिक रोजगारमा माल्दिव्स, श्रीलंका लगायतका देशमा वैदेशिक रोजगारीमा जान चाहने कामदारको समूह स्पष्ट नभएको ती देशमा वैदेशिक रोजगारीमा जानेहरू तालिम केन्द्र खोज्दै भौतारिनु परेको नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले बताए ।

उनका अनुसार कार्यविधिको अनुसूची १.१ मा अनुसार दरखास्त आह्वान गर्दा इजरायलका लागि सरकार आफैंले प्रशिक्षण गरेको हुनाले कुनै पनि संस्थाले आवेदन गरेनन् । जिसिजी बाहेकको देशगत समुहमा रहेका एसियाका अन्य देशहरू सबै यूरोप समूह बनाई उतै प्रशिक्षण गर्ने वातावरण भएको भन्दै २ ओटा मात्र संस्थाले आवेदन गरे । जिसीसी बाहेक भनेर जोर्डन मात्रै राखिएको छ । माल्द्विव्स, श्रीलंका लगायतका धेरै देश जाने कामदारलाई सम्बोधन नगर्दा उनीहरूलाई सेवा लिन असहज समस्या भएको छ । उनीहरूलाई सहज बनोस् भन्ने उदेश्यले पुनर्विचार गरी ती मुलुकलाई जिसीसी बाहेक अन्य समुहमा राख्दा उपयुक्त हुने सुझाव पनि विभागलाई दिएको अध्यक्ष गौतमले जानकारी दिए ।

वैदेशिक रोजगार विभाग समक्ष पटकपटक अनुरोध गरेको तर समयमा समस्याको समाधान नहुँदा कामदारलाई अन्योल सिर्जना भएको समेत उनको भनाइ छ । यसअघि युरोपको साइप्रस र टर्की मध्य एसिया समूहमा समावेश गरिएको थियो भने यूरोप समूहमा अमेरिका क्यानाडा आदि र छुटेका अफ्रिकी तथा पश्चिमा देशलाई देशगत समूह बनाएर प्रशिक्षण दिइदैं आएको थियो । कार्यविधि २०७६ को दोस्रो संशोधन कार्यान्वयन हुने क्रममा देशगत समूह फरक पारिएको हो ।

तालिम केन्द्रको विभाजनमा असन्तुलन देखिनुको मुख्य कारण हाल मलेसियाको काम रोकिएको, जीसीसी बाहेक मुलुक भनेर जोर्डन मात्र रहेकोले त्यस कलष्टरमा श्रीलंका र माल्दिव्सको हकमा कामदारको चाप अनुसार विभाजन नभएको कतिपयको भनाइ छ । जुन देश वैदेशिक रोजगारीमा जाने हो, त्यही देशको वातावरणमा प्रशिक्षण गर्न पाउने तथा सम्बन्धित देशमा गएर फर्किएको प्रशिक्षकबाट प्रशिक्षण गर्दा आवश्यक सबै जानकारी पाउने हुँदा समग्रमा देशगत कलष्टरले सकारात्मक परिणाम दिन थालेपनि केही देशको अन्योलले कामदारलाई समस्या सिर्जना गरेको पनि अध्यक्ष गौतम बताउँछन् ।

## प्रगतिशील...

संगठनका अध्यक्ष सिराज अहमद फारूकीको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा आपसी एकता र सद्भाव सहित वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या र ती समस्या समाधानका लागि सभापति खान तथा सांसद फारूकीले संसदमा निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा छलफल भएको अध्यक्ष जनक रावलले जानकारी दिए । कार्यक्रममा संगठका पूर्वअध्यक्ष एवम् नेपाल कम्युनिस्ट पार्टी ( एकीकृत समाजवादी)का केन्द्रीय सदस्य ताज मोहम्मद मियाँ, मञ्चका पूर्वअध्यक्ष नरेश गेलाल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, कार्यसमिति सदस्य वैकुण्ठ पौडेल बैभव, मञ्चकी सचिव धनु सिञ्जाली, तराई मधेश वैदेशिक रोजगार व्यवसायी समाजका उपाध्यक्ष अख्तर हुसेन, वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठनका सचिव अनिल बोगटी लगायत मुस्लिम धर्मावलम्बी व्यवसायीहरूको जमघट रहेको पनि अध्यक्ष रावलले जानकारी दिए ।

रोजा व्रत राख्ने मुस्लिम धर्मावलम्बीले बिहान तोकिएको समयभित्र सेहरी र साँझ तोकिएको समयमा इफ्तार गर्छ । बिहान सेहरीपछि साँझ इफ्तार नहुन्जेलसम्म बीचको अवधि भर पानी पनि नखाएर एक महिनाको रोजा पूरा गर्छन् ।

**साउदीमा रोजगार**

कम्पनी: Onur Cont. Trans. Const. Trade and Ind. J. S. CO. KSA. Branch — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/०८ — चलानी नं.: ६०२३४९३५ — L.T. No.: 320834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator Operator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 3 | 0 | | 1500 | ५४,८८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत १७ गते (30 March 2025) मा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

# Kwholasothar Rural Municipality
## Office of the Rural Municipal Executive
**Maling, Lamjung**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**First Date of publication : 23 th March 2025 (2081/12/10)**

1. Kwholasothar Rural Municipality invites only electronic bids from eligible bidder for the following projects under NCB procedures.

| Contract ID | Name of Project | Estimated Amount (Including VAT, PS) | Bid Security Amount/ Validity | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|
| 03-NCB/ BUILDING /KGP/2081/82 | Sankalan Kendra Bhawan Nirman | 40,00,139.92 | 85,000/120 day | 90 days | 3,000 |

| | |
|---|---|
| Last Date and Time for Bid Submission | 22th April 2025 (2082/01/09) till 12.00 hrs |
| Bid Opening Date, Time and Location | 22th April 2025 (2082/01/09) 14.00 hrs at Office |
| **Account Details for Bid Document Fee** | **Account Details for Bid Security Deposit** |
| **Bank :** Himalayan Bank Limited, Maling, Lamjung<br>**Office :** Kwholasothar Rural Municipality, Maling, Lamjung<br>**Account Name. :** Ga-1-1 Antarik Rajaswo<br>**Account Number :** 25650335660152<br>**Office code :** 80437501300,<br>**Rajaswo Sirsak no :** 14229 | **Bank :** Himalayan Bank Limited, Maling, Lamjung<br>**Office :** Kwholasothar Rural Municipality, Maling, Lamjung<br>**Account Name :** Ga-3 Stha. Taha Dhar Kh<br>**Account Number :** 25650335660063 |

2. Eligible bidder may obtain further information from the office of Kwholasothar Rural Municipality during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
3. Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**Chief Administrative Officer**

# सामाजिक विकास कार्यालय
**कालीकोट**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति: २०८१।१२।१०**

यस कार्यालयको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार अन्तिम समयमा प्राप्त बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिलका बोलपत्रदाता न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

| S.N | IFB No. | Discription Of Items Works | Bidders Names | Bid Price( With Vat & PS ) |
|---|---|---|---|---|
| 1 | SDO/KKT/W/ NCB/09/2081/082 | Construction of School Building Work at Shree Dahal Ma.Vi. Suvakalika Rural Municipality 05 Kalikot | Kretina Nirman Sewa Birendeanagar 2 Surkhet | 33,33,710.91 |
| 2 | SDO/KKT/W/ NCB/10/2081/082 | Construction of school building work at Shree Dafe Janata Basic School Mahabai-03 Naku Kalikot | Kretina Nirman Sewa Birendeanagar 2 Surkhet | 32,74,003.18 |
| 3 | SDO/KKT/W/ NCB/11/2081/082 | Construction of Playground works at Shree Janajyoti Ma.Vi. Khadachakra Municipality 09 Kalikot | Tila Karnali Nirman Sewa Khadachakra 6 Kalikot | 28,81,360.80 |
| 4 | SDO/KKT/W/ NCB/12/2081/082 | Construction of School Playground work at Shree Kalika Ma.Vi. Tilagupha Municipality 07 Kalikot | Kretina Nirman Sewa Birendeanagar 2 Surkhet | 31,02,745.99 |

## Invitation for Bids

**Invitation for Bids No: SDO/KKT/W/NCB/13/2081/082**

**Date of First Publication: 2081/12/10 (2025/03/23 AD)**

1. Social Development Office, Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures. Single Stage Single Envelope Bidding Procedures.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount, NRs with VAT & PS | Bid Security Amount (NRs) | Bid Validity/Bid Security Period/ Bid Document fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | SDO/KKT/W/ NCB/13/2081/082 | Construction of school playground gabion wall works at Shree Mahadev Ma.Vi. Tilagupha Municipality, 10 Rudu Kalikot | 48,30,253.69 | 1,35,000.00 | 90 days/120 days/NRS 3000.00 |

2. Electronic bids must be submitted to Social Development Office Kalikot through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon. On 2082/01/09) April 22-2025)
3. Information to direct deposit the cost of bidding bid security fee in bank Rastriya Banijya Bank Ltd. Manma Kalikot. Antarik Rajaswo Khata: 14229 (Bid Fee) Dharauti Khata: : 4120100202030000 (Bid Security Fee)

**Social Development Officer**

# Hetauda Sub-Metropolitan City
## Office of the Municipal Executive
**Hetauda, Makawanpur, Bagmati Province, Nepal**

## Notice for Shortlisted Consulting Firm

**Date of Publication: 2081/12/10 B.S. (23rd March, 2025)**

Short List of Consulting Firms has been prepared for the following EOI number. Please refer the website: www.hetaudamun.gov.np for details of the shortlisted consultants and submission deadlines. Shortlisted firms are requested to collect Request for Proposal (RFP) from website: www.hetaudamun.gov.np. The date of the Pre-proposal conference, the last date of proposal submission, date of opening of technical proposal and other details are mentioned in the RFP documents.

| S. N. | EOI Number | Assignment Title | Shortlisted Consultants | Deadline for RFP Submission and Opening Date |
|---|---|---|---|---|
| 1. | HSMC/ CS/EOI /01/081/82 | Consulting Services for Conducting Level II (1696 hrs.) training under Training with OJT Program (Professional Cook) | 1. M/S Brilliant Manpower Trainng Centre P. Ltd., Gongabu, Kathmandu<br>2. M/S Hamro Prashikshan Sewa Talim Kendra, Hetauda, Makawanpur<br>3. M/S Nabaratna Technical Training Institute, Gongabu, Kathmandu<br>4. M/S Sana Byabasaya Paramarsa tatha Talim Kendra Pvt. Ltd., Birgunj, Parsa<br>5. M/S Tinau Bahu Prabidhik Sikshyalaya Pvt. Ltd., Butwal, Rupandehi | Deadline for RFP Submission: 2082/01/09 B.S. (22nd Apr, 2025)<br>Time:12:00 Hrs.<br>Opening of RFP:<br>Date: Same as Proposal Submission Deadline.<br>Time: 14:00 Hrs. |

**Chief Administrative Officer**

# पूर्वविशिष्टलाई सुविधा दिने विपक्षमा स्वास्थ्यमन्त्री

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पूर्वविशिष्टहरूलाई सुविधा दिन नहुने बताएका छन्।

नेपाली कांग्रेस बाँकेले शनिबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा मन्त्री पौडेलले पूर्वविशिष्टलाई सुविधा दिने व्यवस्था गलत भएको बताएका हुन्। राज्यले मानसम्मान गर्नुसम्म ठिक भएपनि अन्य सेवा दिन नहुने उनको भनाइ छ। त्यस्तै उनले नेपालगञ्ज मेडिकल कलेजका समस्याको समाधान कलेज प्रशासन आफैले खोज्नुपर्नेमा जोड दिए। 'मेडिकल कलेज, नीति र नियमले



चल्नुपर्छ र राज्यले निर्धारण गरेका सम्पूर्ण नीतिनियमलाई मान्नुपर्छ', उनले भने। मन्त्री पौडेलले अब कुनै पनि सरकारी, निजी तथा सामुदायिक अस्पतालका दक्ष जनशक्तिलाई दिने तलब श्रम ऐनले तोकेबमोजिम नभए ती अस्पतालको सम्बन्धन खारेज गरिने चेतावनी दिए।

उनले औषधिको मूल्य समायोजनका लागि काम हुन लागेको जानकारी दिँदै राष्ट्रिय उत्पादनलाई प्रोत्साहन हुनेगरी काम गरिने बताए।

स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि सरकारले धेरै लगानी गरेको उल्लेख गर्दै ती सबै पूर्ण क्षमतामा सञ्चालन हुने जानकारी दिए। उनले बिरामीहरूका लागि स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने सरकारको योजना रहेको सुनाउँदै ६६ लाख घरपरिवारलाई बिमा योजना जोडिने बताए।

# राजतन्त्र भूत र भ्रम हो : डा. भट्टराई

**काठमाडौं/मस–** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा.बाबुराम भट्टराईले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुरक्षित गर्न सबैलाई एकजुट हुन आह्वान गरेका छन्।

जनकपुरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा भट्टराईले अब पछाडि फर्किन नसकिने र लोकतन्त्र बचाउनुपर्ने बताए। लोकतन्त्रलाई सुरक्षित गर्न सबै एकजुट हुन आवश्यक रहेको भन्दै डा. भट्टराईले राजतन्त्र भूत भएको टिप्पणी गरे।

यस्तो भ्रम बोकेर हिँड्नेहरू निराशा र काल्पनिक सपनामा बाँच्ने गरेको उनको भनाइछ। उनले राजतन्त्रलाई भूत र भ्रम संज्ञा दिए। राजाको पालामा अहिलेको भन्दा तीन गुणा बढी भ्रष्टाचार हुने गरेको पनि उनको दाबी छ। राजतन्त्रको पालामा वाक् स्वतन्त्रता नहुँदा कर्तुतहरू जनताको सामु पुग्नै नसकेको उनले बताए। डा.भट्टराईले अहिलेको लोकतान्त्रिक व्यवस्थाले जनतालाई स्वतन्त्र रूपमा बोल्ने, आलोचना गर्ने र सरकार छान्ने अवसर दिएको समेत बताए।

# एमसीसीका निश्चित कार्यक्रम अघि बढाउन अनुमति

**काठमाडौं/मस–** अमेरिकाले एमसीसीअन्तर्गतका केही कार्यक्रम अघि बढाउन अनुमति दिएको छ। एमसीए नेपालका अनुसार एमसीसीअन्तर्गतका निश्चित कार्यक्रम अघि बढाउन अमेरिकाको अनुमति प्राप्त भएको छ।

अमेरिकाको वैदेशिक सहायतासम्बन्धी समीक्षा चलिरहेकै बेला अमेरिकी सरकारले एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतका केही कार्य अगाडि बढाउन अनुमति प्रदान गरेको एमसीए नेपालले जनाएको छ। यो अनुमतिले समीक्षाबाट निस्किने कुनै निश्चित परिणामप्रति कुनै संकेन भने गर्दैन।

अघि बढाउन अनुमति दिइएका कार्यहरूमा महत्त्वपूर्ण खरिद कार्यहरू र कार्यालय सञ्चालनसम्बन्धी आवश्यक कार्यहरू पर्ने एमसीए नेपालले जनाएको छ। एमसीए नेपाल कामहरूको पुनः थालनीका लागि व्यवस्थापन गरिरहेको र पारदर्शिताप्रति प्रतिबद्ध रहेको पनि एमसीए नेपालले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

एमसीए नेपालले अमेरिकी सरकारको वैदेशिक सहायतासम्बन्धी समीक्षाबारे अद्यावधिक विवरणको प्रतीक्षा गर्दै आफूबाट हुनुपर्ने कामहरू भएको सुनिश्चित गर्न नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पोरेसनसँग निकटतापूर्वक समन्वय गरिरहेको पनि उल्लेख गरेको छ।

यसअघि गत फेब्रुअरीमा अमेरिकी सरकारले एमसीसीअन्तर्गत नेपालले पाएको अनुदानअन्तर्गतका भुक्तानी समीक्षाका लागि ९० दिनका स्थगित गरिएको जानकारी नेपाल सरकारलाई दिएको थियो।

# काठ दाउरा आपूर्ती गर्ने शर्तमा खुल्यो डिभिजन वन कार्यालय रौतहटको तालबन्दी



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ चैत

काठ दाउरा समयमा आपूर्ती गर्ने शर्तमा डिभिजन वन कार्यालयमा लगाइएको तालाबन्दी खोलिएको छ। सेवाग्राहीलाई कठिनाइ, असहजता र काठ दाउरा समयमा पूर्ती गर्न नसकेको भन्दै शुक्रबार दिउँसो जिल्ला वन पैदावार आपूर्ती समिति र सेवाग्राहीद्धारा तालाबन्दी गरिएको थियो।

समितिको तर्फबाट विकास कुमार यादवको नेतृत्वमा गएको समूहले वन कार्यालयमा तालाबन्दी गरेका थिए। चालु आर्थिक वर्षमा डिभिजन वन कार्यालयले हालसम्म उपभोक्ता काठ दाउरा उपलब्ध गराउन आपूर्ती खोलेकै थिएन्। जसकारण उपभोक्ताहरु काठ पाउनबाट बञ्चित छन्।

डिभिजनल वन अधिकृत हेमन्तप्रसाद साहले आपूर्ती नखुलाएर दिनहुँ काठ गायब गर्न थालेको आरोपहरु लाग्दै आएको छ। कमिसन पाउने लोभमा लिलामी प्रक्रियाबाट काठहरु बिक्री गर्ने गरेको चुरे तथा वन जंगल संरक्षण अभियान नेपालका अभियन्ता नन्दकिशोर राम आरोप लगाएका छन्।

शुक्रबार तालाबन्दी गर्ने पक्षले लिलामी लगायतका कार्यहरुमा आपूर्ती समितिलाई वेवास्ता गरेको,कटान, मुछान काठदाउरा लिलामी लगायतको कार्यहरुमा आपूर्ती समितिसँग समन्वय नगरी काठ दाउरा बिक्री वितरण गरेको, सेवाग्राहीलाई काठदाउरा समयमा उपलब्ध नगराएको आरोप लगाएका थिए।

त्यस्तै आपूर्ती समितिले पाउनुपर्ने नियमानुसारको काठ दाउरा समयमा उपलब्ध नगराएको,राम्रा राम्रा काठ दाउराहरु सबै लिलामी गरेको र आपूर्तीद्धारा सेवाग्राहीलाइ दिनुपर्ने काठहरु कमसल र नराम्रा काठहरु छोडेको, आपूर्तीको वार्षिक कार्ययोजना अनुसार गर्नुपर्ने योजनाहरुको कार्यान्वयनमा वेवास्ता गरेको उनीहरुको आरोप थियो।

त्यसैगरी वन कार्यालय अन्तर्गतका योजनाहरु कार्यान्वयनको प्रक्रियामा डिभिजनल अधिकृत साहले ढिलाइ गरेको भन्दै समितिका मान्छेहरु र उपभोक्ताहरु आक्रोशित बनेका थिए। समितिका नेतृत्वकर्ता यादवले दिएको जानकारी अनुसार डिभिजन वन कार्यालयले आफूहरुको माग सम्बोधन गर्ने भएपछि तालाबन्दी खोलिएको हो।

# प्रकाशन तथा प्रसारण संघ लुम्बिनीको अध्यक्षमा कुँवर

**बुटवल/मस–** प्रकाशन तथा प्रसारण संघ लुम्बिनीको प्रथम अधिवेशनले नवराज कुँवरको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। शनिबार सम्पन्न प्रथम साधारण तथा अधिवेशनले कुँवरको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको हो।

संघको उपाध्यक्षमा विष्णु भुसाल, महासचिवमा माधव नेपाल, कोषाध्यक्षमा गौतम भुसाल निर्वाचित भएका छन्। त्यस्तै सचिवमा ३ जना निर्वाचित भएका छन्। जसमा अनलाइनतर्फबाट दीपक घिमिरे, पत्रपत्रिका तर्फबाट विनोद पौडेल र रेडियो टिभी तर्फबाट आशिष गुप्ता रहेका छन्।

सदस्यहरुमा जगदिश भट्टराई, उषाकिरण पन्थ, विष्णु गैरे, गोपाल भट्टराई, मेघराज गौतम, चन्द्रकान्त न्यौपाने, राधा बस्नेत रिया र सिद्धार्थ पाण्डे निर्वाचित भएका छन्। संघको सल्लाहकारमा ३ जना मनोनित भएका छन्। सल्लाहकारमा डा.बालकृष्ण चापागाई, शुक्रऋषी चौलागाईं र देवी वाग्ले मनोनित भएका छन्। प्रकाशन तथा प्रसारण संघ लुम्बिनीले शुक्रबार दोस्रो मिडिया सम्मेलन गरेको थियो। संघले विभिन्न सञ्चारमाध्यम र सञ्चार सरोकारवालासँग सञ्चार क्षेत्रको संकट र सञ्चारकर्मी पलायनका सन्दर्भमा प्यानल डिस्कसन समेत गरेको थियो।


## ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोखरी भञ्ज्याङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

### सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/१९**
**दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/१०**

यस गाउँपालिकाको आ.व. २०८१/८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली व्यवसायीहरुबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणालीको माध्यमबाट दरभाउपत्र सम्बन्धी कागजात खरिद गरि यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता न. ग ४ १ - ०८३००३४५५४१००००७ मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता न. ग ३ - ०८३००३४५५४१००००४ मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट बोलपत्र जमानतपत्र-दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ४५ दिन र थप ३० दिन म्याद भएको_ २०८१/१२/२६ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ। साथै टेन्डर सोही दिन १३:०० मा दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ। सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ।

| क्र.स | ठेक्काको नाम | ठेक्का न. | ठेक्का रकम | जमानत रकम | दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Ward-1 Boundary wall | 08/RRM/THN/SQ/WORKS/2081-82 | १९,९८,९७४।९६ (भ्याट (र कन्टिन्जेन्सी समेत | ५०,०००।०० | १००० | दोस्रो पटक प्रकाशित |
| २ | Construction of Admin Building Walls and Garage | 09/RRM/THN/SQ/WORKS/2081-82 | १९,९९,६१५।४४ (भ्याट र कन्टिन्जेन्सी समेत) | ५०,०००।०० | १००० | दोस्रो पटक प्रकाशित |

**प्रमुख प्रशासकीय अधिकृत**



## छार्का ताङसोङ गाउँपालिका
## ཚྭ་དཀར་སྟེང་ཤོང་གྲོང་སྤྱི་ལྷན་ཁང་།
## Chharka Tangsong Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
**कागकोट, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

### INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 2081/12/10 (2025-03-23)**

1. The Chharka Tangsong Rural Municipality Kagkot Dolpa invites electronic bids from eligible bidders for the Procurement of following items under National Competitive Bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Work description/ Contract Identification No. | Estimated Amount With VAT and PS | Bid Security Amount Nrs. | Bidding document fee Nrs. |
|---|---|---|---|---|
| 1 | Agricultural & Animal Market Center Construction CTSRM/DOLPA/NCB/WORKS/07/2081/082 | 27,78,035.25 | 70,000 | 3,000 |
| 2 | Snow Pond Construction ward number-1 CTSRM/DOLPA/NCB/WORKS/08/2081/082 | 16,12,938.19 | 48,000 | 3,000 |

2. Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/ egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| Information to deposit the cost of bidding documents in Banks | Information for the cash deposit the bid security amount |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong Rural Municipality Kagkot, Dolpa<br>Account No.: 4530100301010002<br>Office Code No.: 80661502001<br>Revenue code:14229 | Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong Rural Municipality Kagkot, Dolpa<br>Account No.: 4530100303000002<br>Office Code No.: 80661502001 |

3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chharka Tangsong Rural Municipality, Dolpa, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at chharka Tangsong Rural Municipality Kagkot, Dolpa are as follows .

| Pre-Bid Meeting Date | Last date and time of submission | Date and time of opening | Bid validity period | Bid security validity period |
|---|---|---|---|---|
| 11-04-2025 13:00 Hrs. | 23-04-2025 12:00 Hrs. | 23-04-2025 13:00 Hrs. | 90 day counting from the day of bid opening | Minimum 30 days beyond bid validity period |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१० चैत २०८१ आइतबार
23 March 2025, Sunday

## सम्पादकीय

# संवेदनहीनता र व्यवस्था

सिरहाको औरही गाउँपालिका– ५ मा विष्णु महायज्ञको नाममा दीपक मरिक (डोम)को घर भत्काइयो, जुन घटना स्वयं पालिकाको अभिभावकको दर्जा पाएका पालिका अध्यक्ष र पूर्ववडाध्यक्षकै सहभागितामा भएको देखिन्छ । स्थानीय विद्यालयको स्तरोन्नतिका लागि भन्दै महायज्ञ आयोजना गर्न डोम परिवारलाई लखेटिएको हो । गत १० फागुनमा जबरजस्ती डोजर नै चलाएर घर भत्काइएको थियो । घर भत्काइको ठाउँमा यतिबेला महायज्ञका लागि संरचना बनाइएको छ । सँगै, डोम परिवारले यतिबेला घर मात्र गुमाएका छैनन, थातथलो पनि गुमाएका छन् । प्रहरीमा उजुरी पुगेपछि सरोकारवालाको ध्यान आकृष्ट भएपछि धाक धम्की दिएर उनीहरूलाई गाउँबाटै लखेटिएको छ । अहिले उनीहरू प्रहरी र आफन्तको शरणमा छन् ।

यतिबेला प्रहरीले डोम परिवारलाई लखेट्ने गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्षसहित केहीलाई पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाएको छ । यद्यपि, यो प्रक्रिया अघि बढाउन पनि लामो समय लाग्यो । पीडकलाई सुरक्षा गर्न स्वयं सरकारी संयन्त्रहरू नै परिचालित हुने अवस्था बन्यो । घटनाको चौतर्फी आलोचनापछि मात्रै प्रहरीले कारबाही प्रक्रिया अघि बढाएको थियो । प्रमुख जिल्ला अधिकारीलाई यत्तिकै गृह मन्त्रालयमा तानिएको थिएन । सिरहाका मरिकको घटना मात्रै होइन, देशैभर यस्ता प्रकृतिका घटनाहरू घटिरहेका छन् । दलित समुदायमाथि निकै लज्जित तुल्याउनेगरी व्यवहार भइरहेका छन् । सबैभन्दा विडम्बनाको विषय, सामाजिक रूपमा यस्ता घटना घट्दा सरकारी संयन्त्रबाटै पीडकलाई सहयोग हुने र पीडितलाई थप पीडित बनाउने अवस्था बनिरहेका छन् ।

अन्तरजातीय विवाहकै कारण हालै सर्लाहीका सत्येन्द्रकुमार राममाथि सरकारी संयन्त्रबाटै भएको व्यवहार पनि सामान्य प्रकृतिको छैन । उनीमाथि जे–जसरी सरकारी संयन्त्रकै प्रयोग गरी अत्याचार गरियो, त्यसले अवस्था प्रस्ट्याउँछ, जुन घटनामा पीडितले न्याय पाउने अवस्था बनेन भने पीडकलाई कारबाहीको दायरामा ल्याइएन। यसमा जोडिएका उच्च तहका व्यक्तिलाई नै चोख्याउने राज्य संयन्त्रको दुरूपयोग गरी चोख्याइएको छ । निष्कर्षमा, मुलुकमा यतिबेला व्यवस्थामाथि प्रश्न उठ्नेगरी गतिविधि हुन थालेका छन्, जसलाई व्यवस्थाका संरक्षकले चुनौती दिनेगरी अभिव्यक्ति पनि दिइरहेका छन् । 'कसैको सानो प्रयासले यो व्यवस्था हल्लिन्न', 'व्यवस्थाविरोधी सकिन्छन्', 'व्यवस्थाको विरोध गर्नु विज्ञान विरोधी हर्कत हो' आदि, इत्यादि । तर, के व्यवस्थामाथि यत्तिकै प्रश्न उठेको हो त ? के अझै पनि सदियौँदेखि पीडित र शोषित बनेका समुदायले अधिकार पाएका छन् त ? किन यतातर्फ सोचिएको छैन ?

## सामाजिक सञ्जाल


डम्बर खतिवडा

ऊर्जामन्त्री जसरी पनि लोडसेडिङ गराई छोड्ने, अर्थमन्त्रीको काम अर्थतन्त्र बर्बाद पार्ने, अन्य मन्त्रीको यथाक्षेत्र तहसनहस पार्ने, प्रधानमन्त्रीको लक्ष्य देशै बर्बाद पारी छोड्ने ! के यी आरोप जस्तै सिक्वेन्स यही हो अब त ? २ ठूला दलको गठबन्धन समीक्षा गर्ने कि ?

विकास निर्माण पूरा गर्न ऋण लिनुपर्ने बाध्यता छ : प्रम ओली । त्यसो भए चम्केको चाहिँ किन ? जेनतेन चलिरहेको सडक भत्काएर लथालिंग बनाउने अनि सडक बनाउन ऋण खोज्ने, कस्तो रोग हो यो ? नयाँ घर बनाउने पैसा नखोजी बसिरहेको पुरानो घर भत्काएर परिवारको बिजोग बनाउन मिल्छ त बा ?


सरोज पोखरेल


प्रेमकान्त अधिकारी

अलोकतान्त्रिकहरूको मन-मस्तिष्कमा लोकतन्त्र कसरी अटाउन सक्छ र ? व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन हुन सकेन भनेको यहीँनेर हो । उपज उहीझैं भा'छ । वाक् स्वतन्त्रता सार्वभौम जनता संघसंगठन गर्न पाउने संवैधानिक अधिकार राज्य सत्ता संयन्त्रले हेक्का राख्नुपर्छ ।

देशमा लोडसेडिङ छ/छैनको बहस फेरि सतहमा । राष्ट्रिय प्रणालीको ४३ प्रतिशत बिजुली मात्र घरायसी ग्राहकमा खपत हुन्छ । बाँकी ५७ प्रतिशत उद्योगसहित सिँचाइ, सडक, व्यापारिक आदि ग्राहकले खपत गर्छन् । ९०० मे. वा. आयात गरेर ४३ प्रतिशत बिजुलीको माग पूरा हुँदा देश लोडसेडिङमुक्त भन्न मिल्छ ? ८ वर्षे प्रगति !


मुकेश काफ्ले



# मुख्य दल र नेताको कारण व्यवस्थामाथि प्रश्न उठ्यो

देशको राजनीतिक घटनाक्रममा निकै उतारचढाव चलिरहेको छ । व्यवस्थामाथि नै प्रश्न उठ्ने गरी कता-कता कसरतसमेत हुन थालेका छन् । यस्तो परिस्थितिमा, मधेस केन्द्रित दलहरु कहाँ छन् ? उनीहरुले उठाएका एजेन्डा के-के हुँदै छन् ? संविधान संशोधनलगायतका विषयमा उनीहरु कसरी अगाडि बढ्दै छन् ? यतिखेर मधेस केन्द्रित दलहरुलाई लक्षित गरी यस्ता प्रकृतिका प्रश्नहरु उठ्न थालेका छन् । मध्यान्ह राष्ट्रिय दैनिकका **जीवन शर्मा**ले मधेस केन्द्रित दलहरुमाथि उठेका यिनै प्रश्न जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रवक्ता **मनिष सुमन**सँग राखेका छन् । प्रवक्ता सुमनसँग गरिएको कुराकानीको सम्पादित अंश ।

**मनिष सुमन**, प्रवक्ता, जसपा नेपाल

**मुलुकमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमलाई कसरी हेर्नुभएको छ ?**

लगातार ३५ वर्षदेखि एउटै जाति एउटै लिंग, खस आर्य त्यसमा पनि पुरुषले लगातार शासन गरे । यो ३५ वर्षमा विकल्पतिर आम जनताले ध्यान नदिएका होइनन् । संघीयता ल्याउनुको प्रमुख कारण पनि जाति, धर्म, लिंग, भाषा, समुदायको प्रतिनिधित्व होस् भन्ने नै थियो । त्यसमा पनि ठिक छ, प्रधानमन्त्री त बन्न दिँदैनन् खस आर्यले, कमसेकम मुख्यमन्त्री त होला भन्ने भयो । तर, देश जालझेलसहितको एकल शासन व्यवस्थामा अल्झेको छ, यसलाई तोड्नै सकिएन ।

करिब एक दशकदेखि संघीयता अभ्यासमा छ । प्रादेशिक

> अहिले सबैभन्दा प्रश्न उठेको विषय, अवस्था परिवर्तन नहुनुले पनि हो । यद्यपि, त्यसको उपाय व्यवस्था होइन, राजनीतिक नेतृत्व परिवर्तन गर्नुपर्छ ।

व्यवस्थाअनुसार गुरुङको छोरो पनि मुख्यमन्त्री भए, राईको छोरो पनि मुख्यमन्त्री भए, थारु र मुस्लिम पनि मुख्यमन्त्री भए । तर, मुख्यमन्त्रीसँग पनि राज्य सञ्चालनको ठूलो हक अधिकार रहेनछ । यो केन्द्रवालाले दिँदै दिएनन् । गणतन्त्र आएदेखि सरकार नेतृत्वमा मुख्य ३ दल र ३ नेताको आलोपालो चलिरहेको छ । न उनीहरूले नतिजा दिएका छन् न त उनीहरूप्रति जनता आश्वस्त छन् । यही कारण व्यवस्थामाथि आम जनतामा तीव्र वितृष्णा बढिरहेको छ ।

सुशासनको अनुभूति दिलाएको भए, भ्रष्टाचारविरुद्ध कदम चालेको भए, विकासका हिसाबले फड्को मारेको भए, मुलुक बेग्लै अवस्थामा पुग्थ्यो । मुखले भाषण दिने, तर बोलेका कुरा कहिल्यै पूरा गरेनन् । पछिल्लो समय व्यवस्थामाथि नै प्रश्न उठाउने गरी विकास भएको अवस्थाको कारण यिनै हुन् । हिजो माओवादी द्वन्द्व पनि यस्तै कारणले भएको थियो, फेरि माओवादी समेत मिसिएर हिजोकै कुरालाई निरन्तरता दिन पुगे । त्यसैले आम जनतामा फेरि परिवर्तन आवश्यक गर्नुपर्ने हो कि भन्ने भएको छ । त्यसैको प्रारूप पूर्व राजा पोखराबाट आउँदा केही नागरिकहरूले सडकमा ओर्लिएर स्वागत गरे ।

**यो अवस्थालाई विश्लेषण गर्दा, के नागरिकको चाहाना व्यवस्थाको विकल्प खोजेको भन्ने हो ?**

यो कदापि होइन । राजा आउने कुनै सम्भावना छैन । यो व्यवस्थाको विकल्प छैन । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प संघीय लोकतान्त्रिक गणतन्त्र नै हो । हामीले यसैलाई सुधार गरेर लानुपर्दछ । राजाको शासन हामीले नदेखेका होइनौँ । १७/१८ वर्ष पहिला हाम्रो पुस्ताले राम्रोसँग भोगेकै हो । अहिलेको युवाहरूलाई त्यो थाहा नभएर पनि हुन सक्छ । राजाले आफ्नो हातमा शासन लिएको बेला के-के गरेका थिए, जनतालाई कति प्रताडित बनाएका थिए, त्यो अहिलेको पुस्तालाई थाहा छैन ।

